प्रति साधारण शेयर रु.१००/–
अंकित दरका २१,३०,८३४ कित्ता
साधारण शेयरहरुको सार्वजनिक निष्काशन

सो मध्ये ४२,६१७ कित्ता साधारण शेयरहरु कम्पनीको सेवामा रहेका कर्मचारीहरुको लागि सुरक्षित गरिएको तथा ५% अर्थात १,०६,५४२ कित्ता साधारण शेयरहरु सामुहिक लगानी कोषहरुको लागि बाँडफाँट गरिएको ।

दरखास्त दिनुपर्ने न्यूनतम कित्ता	**: ५० शेयर**
दरखास्त दिनपाउने अधिकतम कित्ता	**: १०,००० शेयर**

हिमालयन पावर पार्टनर लिमिटेड
Himalayan Power Partner Ltd.

पोष्ट बक्स नं. १२५३८, महाराजगन्ज, काठमाण्डौं, नेपाल
फोन नं. ९७७–०१–४००२८०१, फ्याक्स नं. ९७७–०१–४४१४५१७
इमेलः hpphydro@gmail.com, वेभसाइटः www.hpp.com.np
को

आह्वान–पत्र

यो विवरण-पत्र नभई केवल आह्वान-पत्र मात्र हो ।

साधारण शेयरको बिक्री खुल्ला अवधिः

निष्काशन खुल्ला मिति	: २०७४/०३/०१ गते
निष्काशन बन्द हुने मिति (छिटोमा)	: २०७४/०३/०५ गते (बैकिङ्ग समय पश्चात्)
निष्काशन बन्द हुने मिति (ढिलोमा)	: २०७४/०३/१५ गते (बैकिङ्ग समय पश्चात्)

दरखास्तसाथ भुक्तानी गर्नुपर्ने रु.१००/– प्रति शेयरको दरले

नेपाल धितोपत्र बोर्डबाट विवरण-पत्र स्वीकृत भएको मिति २०७४/०२/१६ तथा कम्पनी रजिष्ट्रारको कार्यालयमा विवरण-पत्र दर्ता भएको मिति २०७४/०२/१७ ।

१. कम्पनीको नाम :

हिमालयन पावर पार्टनर लिमिटेड (Himalayan Power Partner Ltd.) ।

२. कुन ऐन अन्तर्गत स्थापित भएको सो कुरा :

यस कम्पनी कम्पनी ऐन, २०६३ बमोजिम मिति २०६१ साल जेष्ठ २९ गते नेपाल सरकार, कम्पनी रजिष्ट्रारको कार्यालयमा प्रा.लि.नं. २८७१६/०६०/०६१ मा प्राइभेट लिमिटेड कम्पनीको रूपमा दर्ता भई २०७० आषाढ २३ गते लिमिटेड कम्पनीमा परिणत भएको हो ।

३. कम्पनीको रजिष्टर्ड ठेगाना :

कम्पनीको रजिष्टर्ड ठेगाना हाललाई का.म.न.पा. वडा नं. ३, महाराजगञ्ज, काठमाडौंमा रहेको छ । सम्बन्धित निकाएको स्वीकृत प्राप्त गरी रजिष्टर्ड कार्यालय स्थानान्तरण गर्न तथा नेपाल भित्र वा विदेशमा शाखा कार्यालयहरू खोल्न सक्नेछ ।

४. जलविद्युत केन्द्र :

लमजुङ्ग जिल्लाको चिती गा.वि.स. मा रहेको छ ।

५. कम्पनीको स्थापना कालदेखि हालसम्मको संक्षिप्त इतिहास र संस्थाको मुख्य उद्देश्यहरु देहाय बमोजिम रहेको छ :

कम्पनीको स्थापनाकालदेखि हालसम्मको संक्षिप्त इतिहास देहाय बमोजिम रहेको छ ।

(क) नेपालमा रहेको अपार जलश्रोतको उपयोग गरी जलविद्युत आयोजनाहरुको पहिचान गरी संभाव्यता अध्ययन, निर्माण र संचालन गर्ने हेतुले नेपाली निजीक्षेत्रका उद्यमीहरु मिलेर हिमालयन पावर पार्टनर लिमिटेड २०६१ साल जेष्ठ २९ गते कम्पनी रजिष्ट्रारको कार्यालयमा प्राइभेट लिमिटेड कम्पनीको रुपमा दर्ता भई कारोबार संचालन गर्दै आएको कम्पनी हो । यस कम्पनीमा व्यापक जनसहभागीता बिस्तार गर्ने हेतुले २०७० साल असार २३ मा पब्लिक लिमिटेड कम्पनीमा परिणत गरिएको हो ।

(ख) कम्पनीमा हाल ३६ जना शेयरधनीहरु रहनु भएको छ । कम्पनीको संशोधित नियम २७ (२) अनुसार जारी पूँजी मध्येको ७०% प्रतिशत संस्थापक शेयरधनीबाट (क समूह) लगानी गर्ने र बाँकी ३०% (ख समूह) सर्वसाधारणहरु मध्ये १०% अर्थात रु. १०,६५,४१,७००/- बराबरको १०,६५,४१७ कित्ता शेयर उद्योग प्रभावित क्षेत्र लमजुङ्ग जिल्लाका बासिन्दाहरुलाई निष्काशन गरिएको शेयर सम्पूर्ण बिक्री भई बाँडफाँट समेत गरी पूँजीकृत भइसकेको र २०% सर्वसाधारणहरु (कर्मचारीहरु समेत) मा निष्कासन तथा बिक्री गरी बाँडफाँट गर्ने व्यवस्था रहेको छ ।

(ग) यस कम्पनी, कम्पनी ऐन, २०६३ बमोजिम मिति २०६१ साल जेष्ठ २९ गते नेपाल सरकार, कम्पनी रजिष्ट्रारको कार्यालयमा प्रा.लि.नं. २८७१६/०६०/०६१ मा प्राइभेट लिमिटेड कम्पनीको रूपमा दर्ता भएको हो । एनआरएन इन्भेष्टमेन्ट लिमिटेडले चुक्ता पूँजीको ५१% शेयर खरिद गरेको कारणबाट उक्त कम्पनीलाई प्रा.लि.बाट पब्लिक लिमिटेड बनाउनु पर्ने कानूनी प्रावधान अनुरुप मिति २०७०/०३/२३ मा पब्लिक लि.नं. ११४८५८/०७०/०७१ मा दर्ता भएको हो ।

(घ) कम्पनीले दोर्दीखोलामा आयोजना निर्माण, उत्पादन तथा सञ्चालन गर्न विद्युत उत्पादनको अनुमति पत्र नेपाल सरकार उर्जा मन्त्रालय (तत्काल जलस्रोत मन्त्रालय) बाट मिति वि.सं. २०६८ असार २३ गते प्राप्त गरेको हो र उक्त अनुमतिपत्र वि.सं. २१०३ असार २२ गतेसम्म वहाल रहनेछ ।

(ङ) कम्पनीले दोर्दीखोलाको पानी उपयोग गरी २७,००० किलोवाट क्षमताको दोर्दीखोला जलविद्युत आयोजना निर्माण गर्न वि.सं. २०७१ साल पुष महिनादेखि निर्माण कार्य सुरु गरी मिति २०७५ साल जेष्ठ भित्र निर्माण कार्य सम्पन्न गर्ने लक्ष्य राखेको छ ।
बिद्युत खरिद बिक्री सम्बन्धि सम्भौता अनुसार "ब्यापारिक उत्पादन शुरु हुने मिति" (Commercial Operation Date) २०७४ आषाठ, ०१ गते भएता पनि भुकम्प, नाकाबन्दी आदि कारणले २०७५ साल जेष्ठ मसान्तमा आयोजना पुरा गर्ने लक्ष्य लिईएको छ । हाल सम्म आयोजनाको भौतिक प्रगती ४३ प्रतिशत रहेको छ । यस आयोजनाको कुल लागत ४,२३,५४,१७,०००/- र प्रति मेगा वाट उत्पादन लागत १५,६८,६७,२९६/- रहेकोछ । साथै यस आयोजनको लगानी फिर्ता अवधि (Pay Back Period) सामन्य आवस्थामा ६.०३ वर्ष र १० प्रतिशत दरले डिस्काउण्टेट लगानी फिर्ता अवधि (Disconuted Pay Back Period @ 10%) १०.३२ वर्ष रहेको छ ।

(च) कम्पनीले निर्माण गरेको दोर्दीखोला आयोजनाबाट उत्पादन गरिएको विद्युतशक्ति एकमुष्ठ नेपाल विद्युत प्राधिकरणले खरीद गर्न मञ्जुर गरी कम्पनी र प्राधिकरण बीच २०६९ साल असार ०१ गते विद्युत खरीदबिक्री सम्झौता सम्पन्न भएको छ । यो विद्युत खरीद बिक्री सम्झौता अनुसार आयोजनाले व्यापारिक उत्पादन शुरू हुने मिति (Commercial Operation Date) ले ३० (तीस) वर्ष वा विद्युत् उत्पादन अनुमतिपत्र (Generation License) को अवधि मध्ये जुन घटी छ सो समयसम्म कायम रहनेछ । सम्झौताको अवधि पूरा भएपछि दुवै पक्षको सहमतिबाट सम्झौता नवीकरण गर्न सकिने व्यवस्था छ ।

(छ) कम्पनी र नेपाल विद्युत प्राधिकरणका बीच सम्पन्न विद्युत खरिद-बिक्री सम्भौताका मुख्य-मुख्य बुँदाहरू निम्नबमोजिम रहेका छन् ।
  (अ) दोर्दीखोला जलविद्युत आयोजनाबाट वार्षिक १४,२३,१९,०३२ किलोवाट घण्टा विद्युत उत्पादन तथा बिक्री गरिने कुरा मासिक उर्जा उत्पादन तालिकामा तोकिएको छ । यसमा वर्षायामको कूल इनर्जी (kWh) १२,०९,५१,९४८ किलोवाट घण्टा सुख्खायामको कूल इनर्जी २,१३,६७,०८४ किलोवाट घण्टा निर्धारण गरिएको छ ।
  (आ) विद्युतको खरिद मूल्य बर्षायामका प्रति कि.वा. घण्टा रु.४/८० (चार रुपैया असी पैसा मात्र) र सुख्खा याममा प्रति कि.वा. घण्टा रु.८/४० (आठ रुपैया चालिस पैसा मात्र) तोकिएको छ । यो खरिद दरको लागि व्यापारिक उत्पादन शुरु हुने मितिबाट एक वर्ष पुगेको महिनाको लगत्तै पछिको महिनादेखि लागु हुने गरि बार्षिक ३ (तीन) प्रतिशतका दरले ८ (आठ) पटकसम्म मूल्यबृद्धि गरिने छ ।
  (इ) प्राधिकरणले खरिद गरी लिने अतिरिक्त ऊर्जा (Excess Energy) को हकमा विद्युत खरिद-बिक्री सम्भौताको दफा १२.१ अनुसारको खरिद दरको ५०% (पचास प्रतिशत) दरमा कम्पनीले बिलिङ्ग गर्ने र प्राधिकरणले सोही अनुसार भुक्तानी गर्नेछ ।
  (ई) कम्पनीले जलविद्युत आयोजनामा जडित मेशिन औजारहरु तथा अन्य उपकरणहरुको पुनर्स्थापना मूल्यभन्दा कम नहुने गरी र प्रचलित कानून बमोजिम गर्नुपर्ने सबै प्रकारका बीमाहरु गरेको छ ।

कम्पनीको मुख्य उद्देश्यहरु :

(क) देश भित्रका विद्यमान जल सम्पदाको व्यापक खोजि गरी सम्भाव्य भएका विभिन्न साना ठूला जलविद्युत आयोजनाहरुको अनुसन्धान, सर्भेक्षण तथा विकास गरी विद्युत उत्पादन प्रशारण तथा बिक्री वितरण गर्ने ।
(ख) जलविद्युत बाहेक अन्य श्रोतका विद्युत आयोजनाहरु जस्तै बायो ग्यास, सौर्य, प्राकृतिक ग्यास, विन्ड (वायु) आदि आयोजनाहरुको अनुसन्धान, सर्भेक्षण तथा विकास गरी विद्युत उत्पादन प्रशारण तथा बिक्री वितरण गर्ने ।
(ग) नेपाल अधिराज्यमा अन्य कम्पनी व्यक्ति, संगठित संस्थाहरु वा गैर सरकारी संघ संस्थाबाट उत्पादित विद्युत उर्जा थोकमा खरिद गरी बिक्री वितरण गर्ने ।
(घ) राष्ट्रिय तथा अन्तराष्ट्रिय क्षेत्रमा हुने जलविद्युत तथा अन्य उर्जा विकास सम्वन्धि निर्माण कार्य (टेन्डर) मा एकल वा संयुक्त रुपमा भाग लिने र लिन लगाउने । अन्तराष्ट्रिय स्तरमा विद्युत विकासमा भएका नयाँ प्रविधिहरु नेपालमा भित्र्याउने ।
(ङ) अन्तर्राष्ट्रिय परामर्शदाता एवं निर्माण व्यवसायीको स्थानीय प्रतिनिधिको रुपमा काम गर्ने ।
(च) जल विद्युत र उर्जा विकास गर्ने सिलसिलामा हुने वातावरणीय पक्षलाई मध्य नजर गरी अध्ययन, अनुसन्धान र नकारात्मक असरहरुलाई रोकथाम गर्ने उपाय अवलम्बन गर्ने ।
(छ) सम्भावित साना ठूला राष्ट्रिय तथा अन्तराष्ट्रिय सरकारी लगायत गैरसरकारी अन्य संघ संस्थाहरुलाई निजी वा संयुक्त लगानीबाट विद्युत प्रसारण लाईन विकास गर्न आर्थिक, प्राविधिक तथा वातावरणीय परामर्श सेवा तथा सहयोग जुटाउने ।
(ज) उर्जासँग सम्वन्धित स्वदेशी तथा विदेशी प्रवर्धक तथा लगानीकर्ताहरुलाई आवश्यक पर्ने हरेक प्रकारको परामर्श सेवा प्रदान गर्ने ।
(झ) जल विद्युत तथा बैकल्पिक उर्जासँग सम्वन्धित यन्त्र मेशिन उपकरणको उत्पादन तथा आयात गरी बिक्री वितरण गर्ने गराउने ।

६. कम्पनीको पूँजी संरचना सम्बन्धी विवरण :

अधिकृत पूँजी: कम्पनीको अधिकृत पूँजी रु.२,७०,००,००,०००/- (अक्षरेपी दुई अरब सत्तरी करोड) रहेको छ । उक्त पूँजीलाई रु. १००/- का दरले २,७०,००,००० (दुई करोड सत्तरी लाख) थान शेयरमा बिभाजन गरिएको छ ।
जारी पूँजी: कम्पनीको जारी पूँजी रु. १,०६,५४,१७,०००/- (अक्षरेपी एक अरब छ करोड चउन्न लाख सत्र हजार) रहेको छ । उक्त पूँजीलाई रु. १००/- का दरले १,०६,५४,१७० (एक करोड छ लाख चउन्न हजार एक सय सत्तरी) थान शेयरमा बिभाजन गरिएको छ ।
चुक्ता पूँजी : कम्पनीले आफ्नो जारी पूँजीमध्ये रु.८५,२३,३३,६००/- (अक्षरेपी पचासी करोड तेइस लाख तेत्तिस हजार छ सय) कम्पनीको संस्थापक शेयरधनीहरु तथा उद्योग प्रभावित क्षेत्रका बासिन्दाहरुबाट चुक्त भई बाँकी रु. २१,३०,८३,४००/- (अक्षरेपी एक्काइस करोड तीस लाख त्रियासी हजार चार सय) यस विवरणपत्रद्वारा सार्वजनिक निष्कासन पश्चात् कम्पनीको चुक्ता पूँजी रु.१,०६,५४,१७,०००/- (अक्षरेपी एक अरब छ करोड चउन्न लाख सत्र हजार मात्र) हुनेछ ।

७. निष्कासन पछिको चुक्ता पूँजी (समूहकृत गरिएको अवस्थामा सोही अनुरुप):

कम्पनीको प्रबन्ध-पत्रको दफा ५ (ङ) मा उल्लेख भए अनुसार सर्वसाधारणमा शेयरको निष्कासन गरी बाँडफाँट गरे पश्चात् हुने चुक्ता पूँजीको संरचनाः

समूह	शेयरधनीहरु	शेयर संख्या	चुक्ता पूँजी रकम (रु.)	पूँजी संरचना	भुक्तानी प्रतिशत
क	संस्थापक शेयरवालाहरू	७४,५७,९१९	७४,५७,९१,९००.००	७०%	१००%
ख	सर्वसाधारण शेयरवालाहरू (आयोजना प्रभावित क्षेत्रका वासिन्दाहरु)	१०,६५,४१७	१०,६५,४१,७००.००	१०%	१००%
ख	सर्वसाधारण शेयरधनीहरु (कर्मचारीहरु समेत)	२१,३०,८३४	२१,३०,८३,४००.००	२०%	१००%
	जम्मा	१,०६,५४,१७०	१,०६,५४,१७,०००.००	१००%	

८. आधारभूत/संस्थापक/सञ्चालक सम्बन्धी विवरण :

आधारभूत शेयरधनीको विवरण

क्र.सं.	नाम	पद	उमेर	राष्ट्रियता	शैक्षिक योग्यता	अनुभव	शेयर स्वामित्व	ठेगाना
१	श्री एन.आर.एन. इन्भेष्टमेन्ट लिमिटेड	संस्थागत शेयरधनी					३८,०३,५३९	पानीपोखरी, काठमाण्डौ ।
२	श्री वर्डवाईड इन्भेष्टमेन्ट प्रा.लि.	संस्थागत शेयरधनी					७,४२,०१०	कान्तिपथ, काठमाण्डौ ।
३	श्री उषा इन्भेष्टमेन्ट प्रा.लि.	संस्थागत शेयरधनी					४,९५,०००	कान्तिपथ, काठमाण्डौ ।
४	चन्द्र प्रसाद ढकाल	संचालक	५१	नेपाली	वि.कम.	कार्यकारी अध्यक्ष : आइ.एम.ई ग्रुप अफ कम्पनी अध्यक्ष : ग्लोबल आइ.एम.ई. बैंक लि. संचालक : काठमाण्डौ फन पार्क प्रा.लि.	७,६७,४४४	बाग्लुङ्ग, नेपाल
५	उत्तम कुमार नेपाल	लागु नहुने		नेपाली			४,५६,७९६	कल्लेरी, धादिङ्ग

सञ्चालकको विवरण

सि.नं.	नाम	पद	उमेर	राष्ट्रियता	ठेगाना	शैक्षिक योग्यता	शेयर स्वामित्व	अनुभव
१	श्री जीबनाथ लामिछाने (समूह "क")	अध्यक्ष	५१ बर्ष	गैर आवासिय नेपाली	जर्मनी	एम.ई. (सिभिल)	एन आर एन इन्भेष्टमेन्ट लि. बाट	- संचालक-कान्तिपुर टि.भि. नेटवर्क । - संचालक-मेडिकेर नेशनल हस्पिटल तथा एलपी इन्भेष्टमेण्ट कम्पनी (जर्मनी) मा आवद्ध रहेको ।
२	श्री चन्द्रप्रसाद ढकाल (समूह "क")	सञ्चालक	५१ बर्ष	नेपाली	अमलाचौर-४, बाग्लुङ	वि.कम.	७,६७,४४४ कित्ता	- कार्यकारी अध्यक्ष : आइएमई ग्रुप अफ कम्पनीज । - अध्यक्ष : ग्लोबल आइएमई बैंक लि.
३	श्री शेष घले (समूह "क")	सञ्चालक	५९ बर्ष	गैर आवासिय नेपाली	अष्ट्रेलिया	एम.ई. (सिभिल), एम.बी.ए.	एन आर एन इन्भेष्टमेन्ट लि. बाट	- प्रमुख कार्यकारी अधिकृत तथा कार्यकारी संचालक : एम.आई.टि. ग्रुप होल्डिङ्गस पि.टिवाई. लि. । - अनररि कोन्सुल जनेरल अफ नेपाल इन भिक्टोरीय, अष्ट्रेलिया । सन २०१३ मा अरनेष्ट एण्ड योङ्ग अष्ट्रेलिया इन्टरप्रिनियर आफ द इएरमा मनोनित ।
४	श्री महेश कुमार श्रेष्ठ (समूह "क")	सञ्चालक	४५ बर्ष	गैर आवासिय नेपाली	जापान	मास्टर डिग्री इन सोसियोलजी एण्ड एन्थ्रोपोलोजी	एन आर एन इन्भेष्टमेन्ट लि. बाट	- अध्यक्ष : टोनान कम्पनी लि. (टोकियो जापान) । - अध्यक्ष : सिटी एक्सप्रेस मनी ट्रान्सफर, जापान । - संचालक : सटी एक्सप्रेस मनी ट्रान्सफर नेपाल तथा एन.आर.एन. इन्भेष्टमेण्ट कम्पनी ।
५	श्री गुरुप्रसाद ढकाल (समूह "क")	सञ्चालक/ कार्यकारी निर्देशक	६१ बर्ष	नेपाली	काठमाडौं जिल्ला का.म.न.पा.-३, श्री कान्तीमार्ग, महाराजगंज	एम.ई. (सिभिल)	१,८१,१६७ कित्ता	- विगत ३४ वर्ष सडक विभागको इन्जिनियर देखि सुपरिटेन्डेन्ट इन्जिजियर सम्म रही सडक तथा पूलको निर्माण, निरिक्षक तथा व्यवस्थापनमा काम गरेको अनुभव रहेको । विगत ८ बर्ष देखि विभिन्न जल विद्युत आयोजनाहरुको सम्भाव्यता तथा विस्तृत परियोजना अध्ययनमा संलग्न रहेको र दोर्दी जल विद्युत आयोजनाको अध्ययन तथा निर्माणको अनुभव रहेको ।

संस्थागत संस्थापकहरुको विवरण

सि.नं.	नाम र ठेगाना
१.	श्री एन.आर.एन. इन्भेष्टमेन्ट लिमिटेड, का.म.न.पा.-१, काठमाडौं
२.	श्री वर्डवाईड इन्भेष्टमेन्ट प्रा.लि., का.म.न.पा.-३०, काठमाडौं
३.	श्री उषा इन्भेष्टमेन्ट प्रा.लि., का.म.न.पा.-३०, काठमाडौं
४.	श्री हाथवे इनभेष्टमेन्ट नेपाल लिमिटेड, का.म.न.पा.-३०, काठमाडौं

९. सञ्चालक समितिको संरचना र प्रतिनिधित्व सम्वन्धी व्यवस्था :

कम्पनीको नियमावलीको नियम २७ (२) मा भएको व्यवस्था अनुसार ७ (सात) जना सञ्चालक सदस्य रहेको एक सञ्चालक समिति गठन गरिनेछ । तर कम्पनीको जारी पूँजी मध्ये ३०% शेयर सर्वसाधारणलाई जारी नगरेसम्म हाललाई ५ जनाको सञ्चालक समिति रहनेछ ।:

समूह "क" शेयरधनीहरूबाट आपसी समझदारीबाट मनोनित वा निर्वाचित सञ्चालकहरू	४ जना
समूह "ख" अन्तर्गतका सर्वसाधारण समूहका शेयरधनीहरूबाट निर्वाचित सञ्चालकहरू	२ जना
व्यवसायिक विशेषज्ञ/स्वतन्त्र सञ्चालक	१ जना
जम्मा	७ जना

सञ्चालकहरूको कार्यकाल ४ वर्षको रहेको छ ।
कम्पनीको नियमावली नियम २८ मा भएको व्यवस्था अनुसार सञ्चालक हुनको लागि कम्पनीको कम्तीमा १०० (एक सय) कित्ता शेयर आफ्नो नाममा खरिद गरेको हुनु पर्नेछ । यस्तो शेयर खरिद गर्ने व्यक्तिले आफ्नो शेयर कुनै व्यहोराले कसैलाई धितो बन्धक दिएको वा राखेको हुनु हुँदैन । तर संगठित संस्थाको प्रतिनिधित्व गर्ने तथा व्यावसायिक/स्वतन्त्र सञ्चालकको हकमा उपरोक्त व्यवस्था लागु हुने छैन ।

१०. सीमित दायित्व सम्बन्धी विवरण :

यो कम्पनी कम्पनी ऐन, २०६३ अन्तर्गत संस्थापित तथा संचालित पब्लिक लिमिटेड कम्पनी हो । यसमा शेयरधनीहरूको दायित्व निजहरूले खरिदगर्न कबुल गरेको शेयरको अंकित रकमसम्म मात्र सीमित रहनेछ ।

११. सञ्चालन अवधि तीन बर्ष व्यतित भई सकेको अवस्थामा विगत तीन बर्षको र तीन बर्ष व्यतित भई नसकेको अवस्थामा संचालन अवधिभरको लेखा परीक्षण भएको वासलात सहितको संक्षिप्त विवरण :

वासलात (रु.हजारमा)

विवरण	वास्तविक		
	आ.व. २०७०/०७१	आ.व. २०७१/०७२	आ.व. २०७२/०७३
सम्पत्ति तथा जायजेथा			
नगद तथा बैंक मौज्दात	२,१०,४८८	१,१२,३९५	४८,२०८
कर्जा तथा सापटी	१३,२०३	२,०१,४९५	३,१२,२७०
अन्य चालु सम्पत्ति	३,४८४	९,०३२	१७,८२९
सम्पत्ति/कल कारखाना/उपकरण	७,६३८	१३,९७९	१५,२०९
न्यूनः : संचित ह्रासकट्टि	(४,३१८)	(५,५२०)	(७,४४२)
पूँजीगत कार्य	१,९१,०३७	२,४८,२६२	५,८१,९३५
जम्मा	४,२१,५३४	५,७९,६४४	९,६८,०१०
दायित्व			
तिर्नुपर्ने कर	१	९	७६३
अन्य चालु दायित्व	१,५१६	२,४५१	८,०९२
शेयर पूँजी	४,२०,०१७	५,७७,१८४	७,४५,७९२
दीर्घकालिन कर्जा	-	-	२,१३,३६३
जम्मा	४,२१,५३४	५,७९,६४४	९,६८,०१०

नोटः यस आयोजनाबाट हालसम्म विद्युत उत्पादनको कार्य सुरु नभएको हुँदा नाफा-नोक्सान हिसाब तथा नाफा नोक्सान बाँडफाँट सम्बन्धि वित्तीय विवरण नभएको ।

१२. आगामी तीन बर्षको प्रक्षेपित वासलात, नाफा नोक्सान हिसाब तथा नेटवर्थ सम्बन्धी विवरण :

वासलात (रु.हजारमा)

विवरण	प्रक्षेपित		
	आ.व. २०७३/०७४	आ.व. २०७४/०७५	आ.व. २०७५/०७६
सम्पत्ति तथा जायजेथा			
नगद तथा बैंक मौज्दात	१९,५३३	१,०३,९५०	१,६५,०६२
मौज्दात	-	७५६	५,४५३
कर्जा तथा सापटी	९७,२२४	२५०	-
कन्ट्रेक्टरलाई दिएको सापटी	५८,९११	-	-
सण्ड्री डेबिटर्स (विद्युत प्राधिकरण)	-	९४,१५७	१,७८,३३२
अन्य चालु सम्पत्ति	१३,२१५	१६,०२६	१२,६३४
सम्पत्ति/कल कारखाना/उपकरण	१५,७०९	४१,००,४१३	४१,००,४१२
न्यूनः संचित ह्रास कट्टि	(९,१८६)	(११,४८०)	(१,४९,२१८)
पूर्व संचालन तथा स्थलगत खर्चको		१,३५,००४	
न्यून पूर्व संचालन तथा स्थलगत खर्चको अपलेखन	-	(१,३५,००४)	-
पूँजीगत कार्य	३१,५९,१२५		-
जम्मा	३३,५४,५३१	४३,०४,०७२	४३,१२,६७५
दायित्व			
तिर्नुपर्ने कर	५१३	२१३	-
एकाउन्ट प्येबल	-	५०४	३,६३५
अन्य चालु दायित्व	१,१८,२९५	१,५६,७७५	४,५१६
शेयर पूँजी	१०,६५,४१७	१०,६५,४१७	१०,६५,४१७
संचित मुनाफा	-	(९३,१९७)	५२,४४०
अल्पकालिन कर्जा	-	१०,६९३	९९,०००
दीर्घकालिन कर्जा	२१,७०,३०६	३१,६३,६६७	३०,८७,६६७
जम्मा	३३,५४,५३१	४३,०४,०७२	४३,१२,६७५

नाफा–नोक्सान खाता (नाफा–नोक्सान हिसाब व्यापारिक उत्पादन शुरु भएपश्चात मात्र गणना गरिएको) (रु.हजारमा)

विवरण	प्रक्षेपित	
	आषाढ १ २०७५ देखि आषाढ मसान्त २०७५	आ.व. २०७५/०७६
कुल आम्दानीः		
बिद्युत बिक्रीबाट आम्दानी	९४,१५७	७,६६,३२७
न्युन : बिक्रीको लागत (रोयल्टी)	(७,५९१)	(६५,९१४)
कूल संचालन मुनाफा	८६,५६६	७,००,४१२
अन्य आम्दानी	११०	२०६
प्रशासनिक खर्च	(३,४४६)	(२६,२३०)
व्याज तथा आर्थिक शुल्क	(३१,८०७)	(३,८८,१००)
पूर्व संचालन तथा स्थलगत खर्चको अपलेखन	(१,३५,००४)	-
सम्पत्ति अपलेखन आम्दानी/(खर्च)	(१३२)	(१,५८१)
ह्रास कट्टी	(११,३४८)	(१,३६,१५७)
बोनस र कर अघिको मुनाफा	(९५,०६१)	१,४८,५५०
कर्मचारी बोनस व्यवस्था	१,८६४	(२,९१३)
कर अघिको मुनाफा	(९३,१९७)	१,४५,६३७
कर व्यवस्था	-	-
कर पछिको मुनाफा	(९३,१९७)	१,४५,६३७
गत सालको मुनाफा	-	(९३,१९७)
खुद मुनाफा	(९३,१९७)	५२,४४०
नाफा नोक्सान हिसावमा सारेको बचत/(नोक्सान)	(९३,१९७)	५२,४४०

विगत तथा आगामी तीन बर्षको नेटवर्थमा भएको औषत प्रतिफल (रु.हजारमा)

विवरण	वास्तविक			प्रक्षेपित		
	आ.व. ०७०/०७१	आ.व. ०७१/०७२	आ.व. ०७२/०७३	आ.व. ०७३/०७४	आ.व. ०७४/०७५	आ.व. ०७५/०७६
चुक्ता पूँजी	४,२०,०१६	५,७७,१८४	७,४५,७९१	१०,६५,४१७	१०,६५,४१७	१०,६५,४१७
जगेडा, कोष तथा संचितनाफा	-	-	-	-	(९३,१९८)	५२,४४०
जम्मा	४,२०,०१६	५,७७,१८४	७,४५,७९१	१०,६५,४१७	९,७२,२१९	११,१७,८५७
न्युनः पूर्व संचालन खर्च					(१,३५,००४)	
जम्मा (नेटवर्थ)	४,२०,०१६	५,७७,१८४	७,४५,७९१	१०,६५,४१७	८,३७,२१५	११,१७,८५७
शेयर संख्या (हजारमा)	४,२००	५,७७२	७,४५७	१०,६५४	१०,६५४	१०,६५४
प्रति शेयर नेटवर्थ	१००	१००	१००	१००	७८.५८	१०४.९२
नेटवर्थमा प्रतिफल	-	-	-	-	-११.१३%	४.६९%
निष्कासनपूर्वको प्रति शेयर आम्दानी कायम राख्न बृद्धि हुने नेटवर्थमा आवश्यक प्रतिफल : हाललाई सो नभएको । Minimum Return on Increased Networth Required to Maintain Pre Issue (EPS)						

द्रष्टव्यः कम्पनीको वित्तीय प्रक्षेपण कम्पनी आफैंले गरेको हो । यी विवरणहरु औचित्यपूर्ण र यथार्थपरक रहेको प्रमाणित गर्ने विशेषज्ञमा जि.पि. राजवाहक एण्ड कम्पनी चार्टर्ड एकाउण्टेण्टका चार्टर्ड एकाउण्टेण्ट, श्री आशिस राजबाहक रहनु भएको छ ।

वित्तीय प्रक्षेपणका आधार तथा तरिकाहरु :

१. धितोपत्र सार्वजनिक निष्कासन गर्ने आधारमा निष्कासन पश्चात आ.व.२०७३/७४ मा शेयर पूँजी रु.१,०६,५४,१७,०००/- मा बृद्धि गर्ने प्रक्षेपण गरिएको छ ।
२. कर्मचारी बोनसको व्यवस्था विद्युत ऐन, २०४९ मा भएको व्यवस्था अनुसार हुनेछ ।
३. बैंक ऋणको व्याज गणनाका लागि १२% व्याज दर लिईएको छ ।
४. कम्पनीको प्रक्षेपि वित्तीय विवरणमा लाभांश वितरणको प्रक्षेपण गरिएको छैन ।
५. पूर्व संचालन खर्च ब्यापारिक उत्पादन सुरु भएको बर्ष (आ.व.२०७४/०७५)मा अपलेखन गर्ने गरी प्रक्षेपण गरिएको छ ।
६. रोयल्टी खर्च बाहेक अन्य संचालन खर्च वार्षिक ३% ले बृद्धि गरिएको छ ।
७. Consortium Term Loan को अवधि परियोजना सम्पन्न भएको १० वर्षको अन्तरालसम्म हरेक चौमासिकमा किस्ता भुक्तानी गर्ने प्रक्षेपण गरिएको छ ।
८. विद्युत खरिद बिक्री सम्भौतामा भएको प्रावधान बमोजिम सुख्खा याममा प्रति कि.वा. घन्टा रु.८/४० (आठ रुपैयाँ चालिस पैसा मात्र) र वर्षे याममा प्रति कि.वा. घन्टा रु.४/८० (चार रुपैयाँ पैसा असी मात्र) का दरले विद्युत बिक्री गर्ने गरी प्रक्षेपण गरिएको छ । साथै व्यापारिक उत्पादन शुरु हुने मिति (Commercial Operation Date) बाट एक वर्ष पुगेको महिनाको लगत्तै पछिको महिनादेखि लागु हुने गरि प्रत्येक वर्षको लागि ३ (तीन) प्रतिशतका दरले ८ (आठ) पटकसम्म मूल्यबृद्धि भई विद्युत उर्जा खरीद दर कायम रहने छ ।
९. विद्युतको व्यापारिक उत्पादन आ.व.२०७४/७५ को आषाढ ०१, २०७५ देखि शुरु हुने भएको हुँदा आ.व.२०७४/०७५ मा १ महिना अवधिको मात्र आय आर्जन हुने गरी प्रक्षेपण गरिएको छ ।

१३. अर्न्तनिहित जोखिम तथा सो को व्यवस्थापनको लागि व्यवस्थापनको धारणा :

(क) वित्तीय साधनको अभावबाट हुने जोखिम :
- संचालनमा रहेको जलविद्युत केन्द्रमा वित्तीय जोखिम नरहेको ।
- नयाँ आयोजनाको अनुसन्धान तथा विकासमा संकुचन आउन सक्ने ।

(ख) कच्चा पदार्थको अभावबाट हुने जोखिम :
- जलश्रोतको मुहानमा वातावरणमा अप्रत्याशित रुपमा परिवर्तन भई पानीको श्रोत घट्न गएमा उत्पादन क्षमता घट्न सक्ने ।

(ग) उत्पादन वा सेवाको बजारको स्थिति र यसमा आउने परिवर्तनबाट हुने जोखिम :
- सो नभएको ।

(घ) आयोजना सम्पन्न हुन ढिलाई हुने सम्भावना र त्यसबाट हुने मूल्य बृद्धि (Cost Overrun) को जोखिम :
- २०७२ सालको महाभुकम्प, सिमा अवरोध, इन्धन अभाव तथा भूगर्भिय स्थिति (Geological Condition) का कारण आयोजना १ बर्ष ढिला हुने भएकोले सिभिल कार्यको केहि लागत बृद्धि हुन सक्ने भएता पनि कन्टिन्जेन्सी रकमबाट सो रकम पूर्ति हुने तथा शेयर पूँजीको अग्रिम परिचालनको कारणबाट व्याजमा हुने बचतका कारण कुल निर्माण लागत बढ्ने सम्भावना न्यून रहेको छ ।

(ङ) विदेशी विनिमयको जोखिम :
- सो नभएको ।

(च) कानूनी प्रक्रियाहरु तथा इजाजत प्राप्त गर्नुपर्ने भए सोबाट पर्न सक्ने अवरोधहरू :
- सो नभएको ।

(छ) क्षेत्रीयकरण र विश्वव्यापीकरण (Globalization) का कारणबाट उत्पन्न हुन सक्ने जोखिम :
- अन्तर्राष्ट्रिय बजारमा हुने आर्थिक मन्दिबाट शेयर बजारमा असर परेमा शेयर मूल्यमा असर पर्न सक्ने ।

(ज) सरकारी नीति तथा नियमहरूमा हुने परिवर्तन तथा विश्वव्यापी रुपमा हुने नीतिगत परिवर्तनबाट उत्पन्न हुने जोखिम :
- नेपाल सरकारले अंगीकार गरेको वर्तमान जलविद्युत नीतिमा प्रभाव पार्ने गरी कुनै निर्णय वा कानून लागू गरेमा कम्पनीको आयमा असर पर्न सक्नेछ ।

(झ) सञ्चालन अनुभवको अभाव :
- जल बिद्युत उत्पादन तथा संचालनको अनुभव भएका व्यक्तिहरु समेत संचालक समितिमा रहनु भएकोले सञ्चालन अनुभवको अभाव नरहेको ।

(ञ) प्रविधीको परिवर्तनबाट हुने सक्ने जोखिम :
- जलविद्युत आयोजना निमार्णको लागि आवश्यक टर्वाइन, पेनस्टक, जेनेरेटर लगायतका विभिन्न उपकरणमा आउने परिवर्तन तथा नयाँ टेक्नोलोजीबाट बिद्युत उपकरणहरु फेज आउट भएमा ।

(ट) अन्य ।
- प्राकृतिक प्रकोपको कारणबाट विद्युत केन्द्रका संरचनाहरूमा क्षती पुग्न गएमा ।

उपरोक्तानुसारको जोखिमहरुलाई न्यून वा व्यवस्थापन गर्ने सम्बन्धमा व्यवस्थापनको योजनाः

कम्पनीको जलविद्युत आयोजनको सम्पूर्ण संरचना, मेसिन औजार तथा उपकरणको जोखिमलाई न्यूनीकरण गर्न निम्न बमोजिम बीमा गरिएको छ ।

क्र.स.	बिवरण	बिमा रकम रु.	बिमा कम्पनीको नाम	बिमा अवधि
१	सिभिल वर्क प्याकेज-२	१,२०,८०,२८,९१०।००	श्री एन.बि. इन्सुरेन्स कम्पनी लि.	१०।०४।२०१५देखि १०।०३।२०१७ प्लस १२ महिना मर्मत सम्हार अबधि
२	सिभिल वर्क प्याकेज-३	५०,६०,२५,४१२ ।२०	श्री नेपाल इन्सुरेन्स कम्पनी लि.	१५।०९।२०१५ देखि ३०।०३।२०१७ प्लस १२ महिना मर्मत सम्हार अबधि

धितोपत्र मुल्य परिवर्तन सम्बन्धी जोखिमः

निष्कासन गरिएको शेयर मूल्यले सूचीकरण पश्चात् धितोपत्र बजारमा हुने कारोवार मूल्य नजनाउने भएकोले शेयर मूल्यमा हुनसक्ने परिवर्तनको जोखिम रहेको छ ।

१४. धितोपत्रको बाँडफाँट, फिर्ता भुक्तानी तथा सूचीकरण सम्बन्धी विवरण :

(क) अत्यधिक माग वा न्यून माग भएको अवस्थामा बाँडफाँटको प्रकृया :
यस विवरणपत्र मार्फत जारी गरिएको साधारण शेयर खरिदको प्राप्त आवेदनहरु धितोपत्र निष्काशन तथा बाँडफाँट निर्देशिका, २०७४ मा भएको प्रावधान अनुसार आवेदकलाई धितोपत्र बाँडफाँट गरिनेछ । यसरी बाँडफाँट पश्चात प्रचलित धितोपत्र दर्ता तथा निष्काशन सम्बन्धी व्यवस्था अनुसार निर्धारित अवधिभित्र बाँडफाँटमा परेका शेयरधनीहरुलाई साधारण शेयर सूचिकरण भए पश्चात सम्बन्धीत आवेदकले आवेदन फारममा उल्लेख गरेको हितग्राही खातामा जम्मा गर्ने व्यवस्था मिलाइनेछ ।

(ख) अत्यधिक माग भएको वा बाँडफाँट नभएको अवस्थामा फिर्ता भुक्तानी सम्बन्धी व्यवस्थाः
शेयर बिक्री बन्द भएको मितिले वोर्डले निर्धारित गरेको समयभित्र शेयर बाँडफाँट गरी पूर्ण वा आंशिक रुपमा स्वीकृत/अस्वीकृत भएको व्यहोरा जनाइएको शेयर बाँडफाँट पत्र (Allotment Advice) र रकम फिर्ता भुक्तानी दिइनेछ ।

(ग) निवेदन साथ प्राप्त रकमको फिर्ता भुक्तानीमा ढिलाई भएमा दिइने व्याजदर :
धितोपत्र निष्कासन निर्देशिका, २०६५ ले निर्धारित गरेको समयभित्र शेयरको बाँडफाँटपत्र तथा रकम फिर्ता भुक्तानी दिन नसकिएमा शेयरको बिक्री बन्द भएको मितिदेखि रकम फिर्ता भुक्तानी दिन शुरु गरेको अघिल्लो दिनसम्मको सरकारी ऋणपत्रको प्रचलित अन्तिम व्याजदरको आधारमा हुन आउने व्याज सहित हिसाब गरी रकम फिर्ता भुक्तानी गरिनेछ ।

(घ) धितोपत्रको बाँडफाँट तथा प्रमाण पत्र जारी सम्वन्धी प्रकृया र समयावधी :
निष्कासन गरिने साधारण शेयर धितोपत्र निष्कासन निर्देशिका, २०६५ तथा प्रचलित शेयर बाँडफाँट सम्वन्धी व्यवस्था अनुसार साधारण शेयरको बाँडफाँट गरी सम्बन्धित निकायमा सूचिकरण पश्चात सम्बन्धित आवेदकले आवेदन फारममा उपलब्ध गराएको हितग्राही खातामा बाँडफाँटमा परेको शेयर वितरण गर्ने व्यवस्था मिलाइनेछ ।

(ङ) धितोपत्र सूचिकरण भैसकेको भए त्यस्तो धितोपत्र सूचिकरण गरिएको धितोपत्र बजारको नाम धितोपत्र कारोवार शुरु हुनको लागि संगठित संस्थाले पूरा गर्नुपर्ने शर्तहरु सम्बन्धि विवरण :
सो नभएको ।

(च) धितोपत्र सूचिकरण भैनसकेको भए, संगठित संस्थाले निष्कासन तथा बिक्री गरिने धितोपत्रहरु प्रचलित ऐन, नियम अनुसार सहज खरीद/बिक्री वा विनिमय हुन सक्ने गराउनको लागि गरिने व्यवस्था सम्बन्धी विवरण :
निष्कासन गरिने साधारण शेयरको बाँडफाँट पश्चात धितोपत्र निष्कासन निर्देशिका, २०७४ मा भएको व्यवस्था अनुसार निर्धारित अवधिभित्र सर्वसाधारणलाई सार्वजनिक निष्कासन गरिने धितोपत्र तथा उद्योग प्रभावित क्षेत्रका बासिन्दाहरुलाई निष्कासन गरिएको साधारण शेयर सूचिकरण गराई शेयर खरिद/बिक्रीको व्यवस्था मिलाइने छ ।

१५. आवेदन दिंदा पालना गर्नुपर्ने शर्त बन्देजहरु जस्तै एक भन्दा बढी दरखास्त दिन नपाइने, धितोपत्र दलाल व्यवसायीले दिएको ग्राहकको परिचय नम्बर, सम्बन्धित व्यवसायीको नाम खुलाउनुपर्ने र बैंक खाता मार्फत कारोबार गरिनुपर्ने जस्ता पक्षहरु :

(१) कुनै पनि नेपाली नागरिकले मात्र यस विवरण-पत्र मार्फत जारी गरिने साधारण शेयर खरिदका लागि दरखास्त दिन सक्नेछन् । साथै जारी गरिएको शेयर तोकिएको अवधिभित्र बिक्री नभएमा मात्र यस संगठित संस्था वा प्रचलित कानून बमोजिम स्थापना भएका संस्थाले त्यस्तो शेयर खरिदका लागि दरखास्त दिन सक्नेछन ।
(२) आवेदन फारम नेपाली तथा अंग्रेजी दुबै भाषामा पूर्णरुपले भर्नुपर्नेछ । साथै दरखास्त फाराममा दरखास्तवालाले आफ्नो नागरिकता प्रमाणपत्रको नम्बर अनिवार्य रुपमा उल्लेख गर्नु पर्नेछ ।
(३) आवेदन दिंदा दरखास्त आवेदन फाराममा अनिवार्य रुपमा आवेदनकर्ताको हितग्राही खाता (Demat Account) नम्बर उल्लेख गर्नु पर्नेछ ।
(४) आमा/बुबा बाहेक अन्य व्यक्ति संरक्षक भई नावालक वा विक्षिप्त व्यक्तिको नाममा दरखास्त दिन चाहने दरखास्तवालाहरुले प्रचलित कानून बमोजिम संरक्षकत्व ग्रहण गरेको प्रमाणको प्रमाणित प्रतिलिपि अनिवार्य रुपमा पेश गर्नु पर्नेछ ।
(५) नाबालकको हकमा संरक्षकको विवरण दरखास्त फारमसाथ अनिवार्य रुपमा उल्लेख गर्नु पर्नेछ ।
(६) दरखास्त दिंदा कम्पनीले तोकेको निर्दिष्ट ढाँचामा आफूले खरिद गर्न चाहेको साधारण शेयर संख्या र त्यसको रकम खुलाई दरखास्त दिनुपर्नेछ ।
(७) शेयर खरिदका लागि दरखास्त दिंदा दरखास्तवालाले बैंक तथा वित्तीय संस्थामा रहेको आफ्नो खाता नम्बर, बैंक तथा वित्तीय संस्थाको नाम र ठेगाना स्पष्ट रुपमा दरखास्त फारममा खुलाउनु पर्नेछ । नावालकको हकमा दरखास्त दिंदा समेत नावालककै नामको खाता रहेको बैंक तथा वित्तीय संस्थाको नाम, ठेगाना र खाता नम्बर समेत अनिवार्य रुपमा दरखास्त फारममा खुलाउनु पर्नेछ । साथै आफ्नो खाता नं. उल्लेख गर्दा Clearing House को सदस्य भएको बैंक तथा वित्तीय संस्थामा भएको खाता नम्बर उल्लेख गर्नुपर्नेछ ।
(८) दरखास्तवालालाई रकम फिर्ता दिंदा मिले सम्म आवेदकले आवेदन फाराममा उल्लेखित हितग्राही खातामा उल्लेख गरेको बैंक तथा वित्तीय संस्थाको खातामा सोभै जम्मा हुने गरी वा आवेदन फाराममा उल्लेख गरिएको बैंक खातामा जम्मा हुने गरी एकाउण्टपेयी चेक मार्फत मात्र रकम फिर्ता भुक्तानी दिइने छ । तसर्थ, आफ्नो हितग्राही खातामा बैंक खाता अध्यावधिक नगर्नु भएका आवेदक हरुले आफुले हितग्राही खाता खोलेको सम्बन्धित निक्षेप सदस्य मार्फत आफ्नो नाममा रहेको Nepal Clearing House अर्न्तरगत IPS को सदस्य भएको बैंक तथा वित्तीय संस्थाको खाता नम्बर अध्यावधिक गराउनुहुन ।
(९) आवेदकले आफूले खरिद गर्न चाहेको साधारण शेयर संख्याको प्रति साधारण शेयर रु.१००/- का दरले हुन आउने रकम वा सो बरावरको रकम जम्मा गरेको भौचर संलग्न भएको हुनु पर्नेछ ।
(१०) एक व्यक्तिले आफूले लिन चाहेको सम्पूर्ण साधारण शेयरको लागि एक भन्दा बढी दरखास्त दिन पाइने छैन । यदि एक व्यक्तिको नाममा दुई वा दुई भन्दा बढी दरखास्त प्राप्त हुन आएमा सम्पूर्ण आवेदनलाई रद्द गरिनेछ ।
(११) संयुक्त रुपमा साधारण शेयर खरिद गर्न चाहनेले बढीमा दुई जनाको नाममा दरखास्त दिन सक्नेछन् । यसरी संयुक्त रुपमा दरखास्त दिने दरखास्तवालाहरुले शेयर खरिद गर्नका लागि छुट्टै दरखास्त दिन पाईने छैन । संयुक्त रुपमा आवेदन दिंदा आवेदकहरुसंग पत्राचार वा अन्य कुनै कार्य गर्दा आबेदन फारममा पहिलो नाम उल्लेख भएको व्यक्तिसंग गरिनेछ ।
(१२) साधारण शेयर खरिद गर्नको लागि दरखास्त दिने व्यक्ति स्वयंले दरखास्त फारममा दस्तखत गरी कम्पनीले तोकिएको स्थानहरुमा साधारण शेयर खरिदका लागि दरखास्त बुझाउन सकिनेछ । यसरी दरखास्त फारममा दस्तखत नगरेको र तोकिएको संकलन केन्द्रहरु बाहेक अन्य स्थानहरुमा दरखास्त फारम बुझाएको दरखास्त फारमलाइ रद्द गरिनेछ ।
(१३) रितपूर्वक प्राप्त नभएको दरखास्त फारमलाई शेयर बाँडफाँटमा समावेश गरिने छैन । सो को जिम्मेवार दरखास्तवाला स्वयं हुनेछ ।
(१४) बाँडफाँटबाट कायम शेयरधनीहरुलाई शेयरलाई श्री नेपाल स्टक एकसचेज्ज लिमिटेड तथा सिडिएस एण्ड क्लियारिङ्ग लिमिटेडमा सूचिकरण पश्चात बाँडफाँटमा परेको शेयरलाई दरखास्त आवेदन फारममा उल्लेख गरेको हितग्राही खातामा जम्मा गर्ने व्यवस्था गरिनेछ ।
(१५) रु.५०,०००/- हजार भन्दा वढी लगानी गर्ने दरखास्तवालाले दरखास्त दिंदा अनिवार्य रुपमा एकाउन्ट पेयी चेक मार्फत रकम जम्मा गर्नु पर्नेछ । साथै रु.१०,००,०००/- सम्म रकम बराबरको आवेदन गर्ने दरखास्तवालाले स्वेच्छिक रुपमा र रु.१०,००,०००/- भन्दा बढी रकम बराबरको आवेदन गर्ने दरखास्तवालाले अनिवार्य रुपमा प्यान (PAN No.) नम्बर दरखास्त फारममा खुलाउनु पर्नेछ । साथै रु.१० लाख रुपैंया बराबरको आवेदन गर्ने आवेदकले आफुले आवेदन गर्दा जम्मा गरेको रकम सम्पत्ति शुद्धिकरण ऐनको बर्खिलाप गरी आर्जन नगरेको भन्ने उद्घोषण गर्नु पर्दछ ।
(१६) प्रत्येक आवेदकले कम्तीमा ५० कित्ता तथा अधिकतम १०,००० कित्ता सम्म शेयर खरिद गर्नका लागि दरखास्त दिन सक्नेछन् । ५० कित्ता भन्दा बढि शेयर खरिदका लागी दरखास्त दिंदा १० अंकको गुणाङ्क संख्यामा दिनुपर्नेछ ।
(१७) उद्योग प्रभावित वासिन्दाहरुलाई छुट्याइएको शेयर लिने शेयरधनीहरुले यस निष्काशनमा पुनः आवेदन दिन पाउने छैनन् ।
(१८) आस्बा (ASBA) सदस्य बैंक तथा वित्तीय संस्था मार्फत आवेदन फाराम बुझाउन चाहने आवेदक हरुको हकमा सोही संस्थाबाट उपलब्ध गराईने फाराममा उल्लेखित सम्पूर्ण विवरणहरु स्पष्ट रुपमा उल्लेख गर्नुपर्नेछ । सो सम्बन्धी अन्य प्रकृया तथा शुल्क सम्बन्धी व्यवस्था सम्बन्धित आस्वा (ASBA) सदस्य बैंक तथा वित्तीय संस्थाले आफ्नो कार्यालयको सूचनापाटी, वेभसाईट वा राष्ट्रियस्तरको दैनिकमा पत्रपत्रिकमा प्रकाशित गरी तोको बमोजिम हुनेछ ।

१६. कम्पनीको प्रवन्ध-पत्र तथा नियमावली तथा विवरण-पत्र प्राप्त गर्न वा हेर्न सक्ने ठाँउ :

कार्यालय समय भित्र निम्नलिखित स्थानहरु तथा तोकिएको संकलन केन्द्रमा कम्पनीको प्रबन्धपत्र तथा नियमावली र विवरण पत्र निरीक्षण गर्न सकिनेछ ।
- कम्पनीको रजिर्ष्टर्ड कार्यालय, बागमती अञ्चल, काठमाण्डौं जिल्ला महाराजगन्ज, काठमाण्डौ ।
- शेयर निष्काशन तथा बिक्री प्रबन्धक - ग्लोबल आईएमई क्यापीटल लिमिटेड, राष्ट्रिय नाचघर, जमल, काठमाण्डौ ।

१७. विवरणपत्र, दरखास्त फारम पाइने र दरखास्त साथ रकम बुझाउने स्थानहरु :

क्र.सं.	संकलन केन्द्रको नाम र ठेगाना	सम्पर्क ब्यक्ति	फोन नं.
१	श्री ग्लोवल आइएमई क्यापीटल लि., जमल, काठमाण्डौं* ।	सविन बराल	०१-४२२२४६०
२	श्री हिमालयन पावर पार्टनर लिमिटेड, पानीपोखरी, काठमाण्डौं* ।	मिथुन विष्ट	९८०१२५२५०६
३	श्री ग्लोवलआइएमई बैंक लिमिटेडको शाखा कार्यालयहरु क्रमस (१) आर्दशनगर १३, वीरगंजपर्षा (२) न्यूरोड, पोखरा, कास्की (३) पुष्पलालचोक, नेपालगंज, बाँके (४) विराटनगर, मोरङ्ग (५) मिलनचोक, बुटवल (६) धनगडी, कैलाली (७) महेन्द्रनगर, कञ्चनपुर (८) विर्तामोड, झापा ।	बृहस्पती तिवारी	०१-४४४६१५०
४.	श्री काठमाण्डौ क्यापिटल मार्केट लि., काठमाण्डौं प्लाजा, काठमाण्डौं	सुवास बस्नेत	९८५१०८५०१०
५.	श्री प्रभु क्यापिट ललिमिटेड, कमलादी, काठमाण्डौं	सविनश्रेष्ठ	०१-४२२२३९३
६.	श्री सि.बि.आई.एल.क्यापिटल लि., डिल्लीबजार, काठमाण्डौं*	सुसेन बहादुर पाण्डे	९८५३०००७७४
७.	श्री रिलायवल क्यापिटल लि., सुनधारा, काठमाण्डौं	राजेश के.सी.	९८५११८७०६०
८.	श्री एन.आई.सी. एसिया क्यापिटल लि., बबरमहल, काठमाडौं	नरेस प्रधान	९८५११९३४७१
९.	श्री सानिमा क्यापिटल लि., नक्साल, काठमाण्डौं*	राम प्रसाद भट्टराई	९८४९५०५६९६
१०	श्री एस क्यापिटल लि., दरबारमार्ग, काठमाण्डौं	हुमाआचार्य	०१-४४२६१६१
११.	श्री सिभिल क्यापिटल मार्केट लि., सुनधारा, काठमाण्डौं	प्रविन सत्याल	०१-४२५१९६२
१२.	श्री भिबोर क्यापिटल लि., पुलचोक, ललितपुर	दिबेश ब्रद्धचार्य	९८४१५२५३९९
१३.	नेपाल धितोपत्र बोर्डबाट अनुमति प्राप्त गरी आस्वा (ASBA) सेवामा सहभागी बैंक तथा वित्तीय संस्थाहरु र तिनका शाखा कार्यालहरु ।		

*उपरोक्त संकलन केन्दबाट चेक मार्फत मात्र दरखास्त आवेदन बुभिलिने व्यवस्था गरिएको छ ।
साथै शेयरको दरखस्त आवेदन फारम निष्कासन तथा बिक्री प्रबन्धक ग्लोबल आईएमई क्यापीटल लिमिटेडको वेबसाइट www.globalimecapital.com.np मार्फत समेत डाउनलोड गरी भरेर बुझाउन सकिने छ ।

उपरोक्त स्थानहरु बाहेक धितोपत्र निष्काशन तथा बिक्री प्रबन्धकद्धारा अन्य माध्यम मार्फत सूचित गरिने संकलन केन्द्रहरुको रुपमा कार्य गरी नियुक्त वित्तीय संस्थाहरुमा आवेदन फारम तथा विवरणपत्र वितरण र आवेदन फारम साथ शेयर रकम जम्मा गर्ने व्यवस्था गरिनेछ । सार्वजनिक निष्काशनका क्रममा संकलन केन्द्र नभएका जिल्लाहरुबाट मात्र ड्राफ्ट संलग्न गरी दरखास्त दिन पाइने र यसरी दरखास्तवालाहरुले दरखास्त दिन चाहेमा शेयर निष्काशन बन्द हुने अघिको मितिसम्ममा सम्बन्धित निष्काशन तथा बिक्री प्रबन्धक ग्लोवल आइएमई क्यापीटल लिमिटेड, जमल, काठमाण्डौंको नाममा खिचिएको एकाउन्टपेयी ड्राफ्ट साथ शेयरको दरखास्त फारम नेपाल सरकार, हुलाक सेवा मार्फत रजिष्ट्री गरी १५ दिन भित्र पठाएका निवेदनहरुलाई मात्र बाँडफाँटमा समावेश गरिनेछ ।

१८. निष्काशन बैंक (Banker to the Issue) सम्बन्धी व्यवस्था :

यस सार्वजनिक निष्काशनको लागि देहायका बैंकलाई निष्काशन बैंक (Banker to the Issue) को रुपमा नियुक्त गरिएको छ ।

सि.नं.	बैंकको नाम र ठेगाना	खाता नं.
१.	ग्लोवल आइएमई बैंक लिमिटेड, पानीपोखरी, काठमाण्डौ ।	०१११०१००११०२७
२.	सिद्धार्थ बैंक लिमिटेड, अनामनगर, काठमाण्डौ ।	५०२१५०१६८२६
३.	कुमारी बैंक लिमिटेड, पुतलीसडक, काठमाण्डौ ।	०१२४५२४६१५६५६०१९

साथै आवश्यकता अनुसार निष्कासन बन्द भएको मितिले ३ (तीन) दिन भित्र बोर्डलाई जानकारी दिई अन्य बाणिज्य बैंकहरुलाई समेत यस शेयर निष्काशनको लागि निष्काशन बैंकको रुपमा नियुक्त गर्न सकिनेछ ।

१९. क्रेडिट रेटिङ सम्बन्धी बिवरण :

यस विवरणपत्र अनुसार सर्वसाधारणलाई निष्काशन गरिने शेयरको लागि "क्रेडिट रेटिङ्ग नियमावली, २०६८" को नियम ३ मा भएको व्यवस्था बमोजिम नेपाल धितोपत्र बोर्डबाट अनुमति प्राप्त क्रेडिट रेटिङ्ग संस्था ईक्रा नेपाल लिमिटेड, डिल्लीबजार, काठमाडौंबाट क्रेडिट रेटिङ्ग गराई औषत भन्दा तल आधार जनाउने ४ प्राप्त गरेको छ । ईक्रा नेपालले १ देखि ५ प्वाइन्ट ग्रेडिङ्ग प्रदान गर्दछ । जसमा ग्रेड १ ले बलियो आधार जनाउँछ भने ग्रेड ५ ले कमजोर आधारहरु जनाउँछ । ग्रेड २, ३ र ४ मा प्रयोग गरिने + (Plus) चिन्हले यस समूहका तुलानात्मक सकारात्मक स्थितिलाई जनाउँछ । क्रेडिट रेटिङ्ग सम्बन्धि विवरण यस विवरणपत्रको अनुसूचिमा संलग्न गरिएको छ ।

२०. गुनासो सुन्ने र समाधान गर्ने प्रकृया :

निष्काशित धितोपत्र सम्बन्धि लगानीकर्ताहरुको गुनासो तथा सुझाव सुन्न तथा सो को समाधानका लागि धितोपत्र निष्काशन तथा बिक्री प्रबन्धकको कार्यालयमा एक विशेष कक्षको व्यवस्था गरिएको छ । लगानीकर्ताहरुले देहायको माध्यम मार्फत आफ्नो गुनासो तथा सुझावहरु प्रेषित गर्न सक्नेछन् । फोन नं. ४२२२४६०, E-mail : info@gicl.com.np

दरखास्त फारमको नमूना

हिमालयन पावर पार्टनर लिमिटेड
Himalayan Power Partner Ltd.
पोष्ट वक्स नं. १२५३८, महाराजगन्ज, काठमाण्डौं, नेपाल
फोन नं. ९७७-०१-४००२८०१, फ्याक्स नं. ९७७-०१-४४१४५१७
इमेलः hpphydro@gmail.com, वेभसाइटः www.hpp.com.np
को

प्रति दरखाखास्त फाराम रु. ५/- मात्र

आवेदकहरुले अनिवार्यरुपमा आफ्नो हितग्राही खाता नं. (Demat Account No.) र निवेदक स्वयंको खाता रहेको बैंकको खाता नं. स्पष्ट रुपमा फाराममा उल्लेख गर्नु पर्नेछ ।

दरखास्त फाराममा निवेदकको आफ्नै खाता रहेको बैंक वा वित्तीय संस्थाको नाम, शाखा र खाता नम्बर अनिवार्य रुपमा खुलाउनु पर्नेछ ।

शेयर वापतको रकम ड्राफ्ट मार्फत जम्मा गर्दा ड्राफ्टको पछिल्लो भागमा दरखास्त नम्बर र दरखास्तवालाको नाम स्पष्टसंग उल्लेख गर्नु पर्नेछ । साथै आवेदन फाराममा ड्राफ्ट नं. अनिवार्य रुपमा खुलाउनु पर्नेछ ।

साधारण शेयर खरिद दरखास्त फाराम

मार्फतः Global IME Capital Limited
पोष्ट बक्स नं. २१५९९, राष्ट्रिय नाचघर, तेश्रो तल्ला, जमल, काठमाडौं
फोन नं. ९७७-१-४२२२४६०, फ्याक्सः ९७७-१-४२२२५३४
E-mail: info@gicl.com.np
Website: www.globalimecapital.com

सि.नं.

दरखास्त दिन पाउने न्यूनतम कित्ता : ५० शेयर
दरखास्त दिन पाउने अधिकतम कित्ता : १०,००० शेयर

कोड नं.

हितग्राही खाता नम्बर अनिवार्य

हितग्राही खाता नं.	DP ID	
	Client ID	

श्री संचालक समिति
हिमालयन पावर पार्टनर लिमिटेड
महाराजगन्ज, काठमाण्डौ, नेपाल ।

महाशय,
त्यस कम्पनीको मिति २०७४/०२/१६ गते नेपाल धितोपत्र बोर्डबाट स्वीकृत विवरण-पत्रको शर्तमा रु.१००/- अङ्कित दरको शेयर कित्ता .... लिन इच्छुक भएकोले प्रति साधारण शेयर रु.१००/- को दरले रु. .... (अक्षरेपी ....) यसै साथ पठाएको छु/छौं । त्यस कम्पनीको नियमानुसार गर्न मेरो/हाम्रो मञ्जुरी भएकोले उल्लेखित शेयर पाउन अनुरोध गर्दछु/गर्दछौं ।

माग गरेको संख्या		शेयर वापत जम्मा गरेको रकम		मिति	२०७४/
रकम बुझाएको कम्पनीको नाम र ठेगाना				भौचर/ड्राफ्ट नं.	
चेक खिचिएको बैंक वा वित्तीय संस्थाको नाम र ठेगाना				चेक नं.	
खाता रहेको बैंक/वित्तीय संस्थाको नाम					
खाता रहेको बैंक वा वित्तीय संस्थाको शाखा		निवेदक स्वयंको खाता नं.			
निवेदकको पूरा नाम	नेपालीमा	श्री/श्रीमती/सुश्री/नावालक			
	In English	Mr./Mrs./Miss/Minor			USE CAPITAL LETTER
स्थायी ठेगाना	वडा नं.	घर नं.	गा.वि.स./न.पा.	जिल्ला	
Permanent Address	Ward No.	House No.	VDC/Municipality	District	
सम्पर्क ठेगाना					
P.O. Box No.		P.O. Box District		नागरिकता प्रमाण-पत्र नं.	
PAN No.		Contact. No.		नागरिकता जारी गरेको स्थान	
निवेदक संस्था भएमा कार्यकारी प्रमुखको नाम	नेपालीमा				
	In English				USE CAPITAL LETTER
बाबु/आमाको नाम					
Father's/Mother's Name					
बाजेको नाम					
Grandfather's Name					
पति/पत्नीको नाम					
संरक्षकको नाम (नावालकको हकमा)					
Guardian's Name (Incase of minor)					

यस शेयरको लागि लगानी गरेको रकम सम्पत्ति शुद्धिकरण ऐनको बर्खिलाप हुनेगरी आर्जन गरेको होइन । साथै मैले/हामीले यस दरखास्त फाराममा खुलाएको विवरण साँचो हो । म/हामी यस कम्पनीको संस्थापक, सञ्चालक तथा निजको एकाघरको परिवार नरहेको घोषणा गर्दछु/गर्दछौं । झुठा ठहरिएमा प्रचलित कानून बमोजिम सहन/बुझाउन मेरो/हाम्रो मञ्जुरी छ ।

आवेदकहरुले अनिवार्य रुपमा आफ्नो हितग्राही खाता (Demat Account No.) दरखास्त फाराममा उल्लेख गर्नुपर्नेछ । हितग्राही खाता उल्लेख नगरेको वा सही हितग्राही खाता (Demat Account No.) उल्लेख नगरेको दरखास्त फारामलाई बाँडफाँटमा समावेश गरिने छैन ।

पुनश्चः आवेदन फाराम भर्नु अघि यस आवेदन फारामको पछाडि पट्टि रहेको बुँदा नं. १५ (आवेदन दिंदा ध्यान दिनुपर्ने कुराहरु) अध्ययन गर्नुहुन अनुरोध छ ।

निवेदकको दस्तखत
(नावालकको हकमा अभिभावकको दस्तखत)

यो रसिद हराई अरुले भुक्तानी लिई उठाएमा सो को जिम्मेवार निवेदक स्वयं हुनेछ ।

Global IME Capital Limited

रसिद
दरखास्तवालाले भर्नुपर्ने

सि.नं.

Applicant's Name			
Company's Name	HIMALAYAN POWER PARTNER LTD.		
No. of Shares Applied	Call Money per Share	Rs.100	Amount Deposited (Rs.)
Amount in Words			

For Official Use Only:
Received by:
Date:
Stamp

Code No.
DP ID
Client ID

निवेदकको दस्तखत

धितोपत्र निष्कासन तथा बिक्री प्रबन्धकः

Global IME Capital Limited
GROW WITH US

पोष्ट बक्स नं. २१५९९,
राष्ट्रिय नाचघर, तेश्रो तल्ला, जमल, काठमाडौं
फोन नं. ९७७-१-४२२२४६०, फ्याक्सः ९७७-१-४२२२५३४
E-mail: info@gicl.com.np
Website: www.globalimecapital.com

मिति २०७४/२/२५ गतेको नयाँ पत्रिका दैनिकमा प्रकाशित गर्ने